ग्रामीण प्रविधि केन्द्र

# हरित तथा समावेशी ऊर्जा कार्यक्रम

## पृष्ठभूमी

ग्रामीण प्रविधि केन्द्र, परम्परागत प्रविधिलाई सुधार तथा विकास गरी, उपयुक्त उपभोक्तामैत्री ग्रामीण प्रविधिहरूको प्रवर्द्धन तथा विस्तार मार्फत ग्रामीण क्षेत्रका विपन्न समुदायहरूको स्वास्थ्य, आर्थिक र सामाजिक जीवनस्तर अभिबृद्धिका लागि सहयोग गर्ने उद्देश्यले वि. सं. २०४६ मा स्थापना भएको एक राष्ट्रिय स्तरको गैरसरकारी संस्था हो ।

भौगोलिक विविधताका कारण नेपालको दुर्गम क्षेत्रहरूमा विद्युतिकरणका लागि राष्ट्रिय प्रशारण लाईन विस्तार गर्न कठिनाई रहेको छ, जसका कारण त्यहाँका मानिसहरू अझै पनि स्वच्छ ऊर्जाको पहुँचबाट बञ्चित रहेका छन् । नेपालमा विभिन्न खाले नवीकरणीय ऊर्जाको प्रशस्त सम्भावना भएता पनि हालसम्म कूल ऊर्जा खपतको लगभग ३ प्रतिशत ऊर्जा नवीकरणीय स्रोतबाट आपूर्ति भइरहेको छ, त्यसको विपरीत, कूल ऊर्जा खपतको करिव ८५ प्रतिशत उर्जा परम्परागत जैविक ऊर्जा स्रोतबाट आपूर्ति भैरहेको छ । तसर्थ, नेपालमा ऊर्जा माथिको परनिर्भरतालाई कम गर्न र राष्ट्रिय प्रशारण लाईन नपुगेको ठाँउहरूमा ऊर्जाको पहुँच पुऱ्याउन, नवीकरणीय ऊर्जाको प्रवर्द्धन र उपयोगमा जोड दिन आवश्यक देखिन्छ ।

हरित तथा समावेशी ऊर्जा कार्यक्रम- Green and Inclusive Energy Programme (Nepal Project) in Nepal वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र (AEPC) को नीतिगत सहयोग एवं ENERGIA/Hivos, the Netherlands को आर्थिक र ग्रामीण प्रविधि केन्द्रको नेतृत्वमा विभिन्न संस्थाहरूसँगको सहकार्यमा सञ्चालित कार्यक्रम हो । यस परियोजनाको मुख्य उद्देश्य विपन्न, महिला, सिमान्तकृत समुदायको घरायसी/ उत्पादनमूलक ऊर्जाको आवश्यकता परिपूर्ति गर्न, वित्तिय संस्था, नीजि क्षेत्र तथा अन्य साझेदार संस्थाहरूको सहयोगमा, समावेशी ऊर्जा प्रणालिको विकास तथा प्रवर्द्धन गर्नु रहेको छ ।

| | |
|---|---|
| कार्यक्रम सञ्चालन भएका जिल्लाहरू | गुल्मी, पाल्पा, नवलपुर, सिन्धुली, उदयपुर र काभ्रे |
| आर्थिक सहयोग | लैङ्गिक तथा दिगो ऊर्जाका लागि अन्तर्राष्ट्रिय सञ्जाल (ENERGIA/ Hivos, the Netherlands) |
| समयावधी | २०७३ कातिक देखि २०७७ जेठ |

हरित तथा समावेशी ऊर्जा कार्यक्रम- नेपाल
Green and Inclusive Energy Programme-Nepal

## हरित तथा समावेशी ऊर्जा कार्यक्रमका मुख्य उद्देश्यहरू

हरित, समावेशी तथा जवाफदेही ऊर्जा, प्रवर्द्धन मार्फत् सबैलाई ऊर्जामा पहुँच पुऱ्याउनका लागि प्राविधिक तथा वित्तीय सवालहरूलाई सम्बोधन गर्न ऊर्जा नीतिहरूको स्थापना गर्ने । सबैका लागि दिगो तथा खाना पकाउन सबैका लागि दिगो ऊर्जा अभियानमा सहयोग पुऱ्याउने ।

## कार्यक्रमको उद्देश्यका दुई पक्षहरू

१. नेपालमा सबैका लागि दिगो ऊर्जा क्रियाकलाप चक्रमा लैङ्गिक उत्तरदायी सवालहरू एकिकृत गर्नका लागि पैरवी गर्नु;

२. नागरिक समाज संस्थाहरूमा कार्यदक्षता र प्रभावकारी रूपमा लैङ्गिक सवालहरूको सम्वोधन सहित ऊर्जा परियोजनाहरू कार्यान्वयन क्षमताको अभिबृद्धि गर्नु ।

## सहकार्यमा संलग्न साझेदार संस्थाहरू

» सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल (NACEUN): सामुदायिक विद्युत उपभोक्ताहरूको प्रतिनिधि संस्था

» नेपाल वातावरण पत्रकार समूह (NEFEJ): सञ्चार क्षेत्रको प्रतिनिधि संस्था

» घरभित्रको वायुप्रदुषण तथा स्वास्थ्य मञ्च (IAPHF): ऊर्जा उपयोग प्रक्रियामा उत्सर्जीत प्रदुषणले मानव स्वास्थ्यमा पार्ने तथा पारेको नकारात्मक असरहरू बारेमा विद्वत प्रतिनिधि संस्था ।

» नवीकरणीय ऊर्जा परिसंघ, नेपाल (RECoN): नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि नीजि क्षेत्रका सेवा प्रदायक वयवसायी संस्थाहरूको प्रतिनिधि संस्था

» प्राक्टिकल एक्सन नेपाल (Practical Action Nepal): तथ्यमा आधारित पैरवी गर्न हरित तथा समावेशी ऊर्जाका लागी आवश्यक अनुसन्धानमा सहयोग गर्ने संस्था






## कार्यक्रमका गतिविधी तथा लक्षित समूहः

| लक्षित समूहहरू | क्रियाकलापहरू | क्रियाकलापका प्रकार |
|---|---|---|
| राष्ट्रिय/प्रान्तीय तह-<br>सरकारी नीति निर्माता, योजनाविद्, विषेशज्ञ तथा नागरिक समाज सञ्जालहरू | सचेतीकरण तथा प्रचारप्रसारका क्रियाकलापहरू | साझा/सामूहिक |
| गाँउ/नगरपालिका तह-<br>निर्वाचित तथा सरकारी निकायहरू, नागरिक समाज सञ्जाल तथा सेवा प्रदायकहरू | क्षमता अभिवृद्धिका लागि अभियानहरू | संस्था विषेश क्रियाकलापहरू |
| समुदाय तह-<br>उपभोक्ता, विद्यालय, समुदाय तहका नागरिक समाज समूह तथा सेवा प्रदायकहरू | नीतिलाई प्रभावित गर्नका लागि तथ्यमा आधारित धटनाहरूको निर्माण/सङ्कलन | |

## रणनीतिहरूः

- ऊर्जामा लैङ्गिक, सामाजिक समावेशिताको आधारमा स्वच्छ ऊर्जामा सबैको पहुँच बृद्धिका लागि केन्द्र, प्रदेश र स्थानीय तहका लक्षित सरोकारवालाहरूको सचेतना अभिवृद्धि गर्नुका साथै नीति निर्माण/परिमार्जनका लागि अन्तरक्रियात्मक छलफलमार्फत पैरवी गर्ने ।
- ऊर्जामा लैङ्गिक समावेशी नीति तथा एकिकृत योजना निर्माणका लागि पैरवी र वकालत साथै सम्बन्धित निकाय, नागरिक समाज संस्थाहरूको क्षमता अभिबृद्धि तथा विषयगत विशेषज्ञहरूसँग छलफल र सहकार्य गर्ने ।
- स्थानीय नगर/गाउँपालिकाहरूको नीति तथा वार्षिक कार्ययोजनामा उपभोक्तामैत्री स्वस्छ ऊर्जा प्रवर्द्धनका योजनाहरू समावेश गर्नका लागि प्रोत्साहित र पैरवी गर्ने ।
- ऊर्जामा हरित तथा समावेशी प्रणाली प्रवर्द्धन गर्न जानकारी अभिबृद्धिका लागि सञ्चारका विभिन्न खाले श्रव्य, दृष्य तथा पत्रपत्रिकाहरूसँग सहकार्य र प्रचार प्रसार गर्ने ।
- घर भित्रको धुवाँले वातावरण तथा मानव स्वास्थ्यमा पार्ने प्रतिकुल असरहरूको बारेमा विभिन्न स्तरमा सचेतिकरण र समुदायमा यसका निराकरणका लागि स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयं सेविकाहरूको क्षमता अभिबृद्धि र परिचालनका लागि पैरवी गर्ने ।
- घरायसी वाहेक, ऊर्जा महिलाहरूको आर्थिक सशक्तिकरण गर्न उत्पादनमूलक/आयमूलक कार्यमा उपयोग गर्न प्रोत्साहित गर्ने र लगानी व्यवस्थापनका लागि वितिय संस्थाहरूलाई ऊर्जा क्षेत्रमा लगानीका लागि प्रोत्साहित र उपभोक्ता विचमा संयोजनकारी भूमिका निर्वाह गर्ने ।
- ऊर्जामा लैङ्गिक, सामाजिक समावेशिता र सबैमा पहुँच विस्तार गर्न विद्यार्थीहरू मार्फत उपभोक्ताहरूको जानकारी अभिबृद्धिका लागि पाठ्यक्रम विकास, विद्यार्थीहरूको सचेतिकरण तथा शिक्षकहरूको क्षमता अभिबृद्धि गर्ने ।
- ऊर्जा क्षेत्रमा महिलाहरूको सशक्तिकरण तथा प्रवर्द्धनका लागि आयोजना हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा गोष्ठिहरूमा सहभागी हुने ।

ग्रामीण प्रविधि केन्द्र, भनीमण्डल, ललितपुर | वेबसाईटः www.crtnepal.org | ईमेलः info@crtnepal.org

Hivos people unlimited
ENERGIA INTERNATIONAL NETWORK ON GENDER & SUSTAINABLE ENERGY
CRT
नेफेज Journalism for Sustainability
RECoN
Practical ACTION